# कोभिड-१९ को प्रकोप नियन्त्रणकालागि जिल्ला स्थित सबै सरोकारवालाकोएकीकृत समन्वय र सहकार्यको जिल्लागत ढाँचाको मस्यौदा

१ पृष्ठभुमी

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको **COVID-19** संक्रमण हालसम्म २१० वटा राष्ट्रहरुमा फैलिरहेको अवस्था छ । हाल मलुकमा दोश्रो चरणको **Phase** मा पुगिसकेको अवस्थामा वर्तमान परिस्थिति तथा भविष्यमा आईपर्ने चुनौतीहरूको सामाना गर्न जिल्लास्थित सबै राजनीतिक दल स्थानीय तह , प्रदेश सरकार, विभिन्न संघ संस्था , सञ्चारिक्षेत्र लगायत नागरिकहरूको समेत भूमिका तथा जिम्मेवारी निर्धारण गरी कोभिड-१९ को रोकथाम तथा नियन्त्रणकालागि एकीकृत समन्वय र सहकार्यको जिल्लागत ढाँचा तयार गरिएको छ।यस ढाँचाले जिल्लामा कोरोना भाइरसको रोकथाम तथा नियन्त्रण गर्न संलग्न सबै सरकारी, निजी, गैरसरकारी तथा अन्य सरोकारवाला निकायहरूबिच समन्वय तथा सहकार्य भई नागरिकहरूलाई कोरोना भाइरसको जोखिम कम गर्नमा मद्दत पुर्याउनेछ।

२ उद्देश्य

- जिल्लामा कोभिड-१९ को सम्भावित संक्रमण रोकथाम गर्नु,
- बन्दाबन्दीको पूर्णरुपमा पालना गर्ने/ गराउनु,
- संक्रमण देखा परेमा प्रभावकारी ढंगबाट उपचार व्यवस्था गर्नु,
- कोभिड-१९ को प्रकोप नियन्त्रणका लागि जिल्लास्थित सबै सरोकारवाल ब्यक्ति/ निकायबिच समन्वय र सहकार्य कायम गर्नु,

## ३ एकीकृत समन्वय र सहकार्यको जिल्लागत ढाँचाः

| सि.नं. | निकाय हरू | जिम्मेवारी/कार्यविवरण | अन्य निकायहरूसँग समन्वय गर्नुपर्ने विषयहरू | समन्वय गर्नुपर्ने अन्य निकायहरू |
|---|---|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय | १. जिल्ला विपद् व्यवस्थापन समिति/जिल्ला सुरक्षा समिति/जिल्ला कमाण्ड पोष्ट/जिल्ला संकट व्यवस्थापन केन्द्रको बैठकको संयोजन गर्ने। | शान्ति सुरक्षा, क्वारेन्टिन स्थल व्यवस्थापन, परीक्षण, उपचार, उद्धार, राहत तथा पुर्स्थापना | स्थानीय तह / अन्तर्राष्ट्र्य तथा राष्ट्रिय गैरसरकारीक्षेत्र / निजीक्षेत्र |
| | | २. जिल्ला सुरक्षा समितिको बैठकको संयोजन गर्दै जिल्लामा बन्दाबन्दी अवस्थाको पूर्ण पालना गर्ने/गराउने । | प्रचार तथा प्रसार | छिमेकी जिल्लास्थित सुरक्षा निकायहरू / स्थानीय सञ्चारमाध्यम स्थानीय तह /राजनीतिक दल |
| | | ३. जिल्ला सुरक्षा समितिमार्फत समग्र जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने। | निर्णय कार्यान्वयन | सङ्घीय सरकार / प्रदेश सरकार / सुरक्षा निकायहरू / राजनीतिक दल / स्थानीय तह |
| | | ४. जिल्लास्थित आठवटै पालिकाहरूसँग समन्वय गरी विदेश तथा स्वदेशबाट आउने नवआगन्तुक व्यक्तिको विवरण र स्वास्थ्य अवस्थाको बारेमा दैनिक अभिलेख तयार गर्ने । | नियमित स्वास्थ्य प्रतिवेदन प्राप्त गर्ने | स्वास्थ्य कार्यालय / अस्पतालहरू / स्थानीय तह / स्थानीय तहस्थित स्वास्थ्य संस्था / सुरक्षा निकायहरू/ नेपाल रेडक्रस सोसाइटी |
| | | ५. क्वारेन्टिन तथा एकान्तबास (आइसोलेसन) कक्षहरूको विवरण एकीकृत गरी सोको व्यवस्थापनमा सहजीकरण गर्ने । | स्थान छनौट, तयारी, सामग्रीको बन्दोबस्त, सुरक्षा | जिल्ला स्वास्थ्य कार्यालय / अस्पतालहरू / स्थानीय तह / स्थानीय तहस्थित स्वास्थ्य संस्था / सुरक्षा निकायहरू / नेपाल रेडक्रस |
| | | ६. जिल्लाका लागि प्राप्त हुने स्वास्थ्य सामग्रीको विवरण तयार गरी आवश्यकता र औचित्यको आधारमा हस्तान्तरण गर्ने व्यवस्था मिलाउने । | मौज्दात सामग्रीको विवरणको लेखाजोखा । | जिल्ला स्वास्थ्य कार्यालय / अस्पताल / स्थानीय तह / स्थानीय तहस्थित स्वास्थ्य संस्था / सुरक्षा निकायहरू/ नेपाल रेडक्रस सोसाइटी |
| | | ७. क्वारेन्टिन तथा एकान्तबास (आइसोलेसन) कक्षहरूमा राखिएका ब्यक्तिहरूको कोभिड-१९ परिक्षणका लागि सहजीकरण गर्ने। | किटलगायतका सामग्रीको आपूर्ति व्यवस्था, यातायत प्रवन्ध, स्वाब व्यवस्थापन, परीक्षण प्रतिवेदन | सङ्घीय सरकार / प्रदेश सरकार / स्थानीय तह / जिल्ला स्वास्थ्य कार्यालय |

| सि.नं. | निकाय हरू | जिम्मेवारी/कार्यविवरण | अन्य निकायहरूसँग समन्वय गर्नुपर्ने विषयहरू | समन्वय गर्नुपर्ने अन्य निकायहरू |
|---|---|---|---|---|
| | | ८. कोभिड-१९ को संक्रमण देखिएमा व्यक्तिहरूको प्रभावकारी उपचारकालागि आवश्यक सहजीकरण गर्ने । | उपचार तथा प्रेषण (रिफर) | सङ्घीय सरकार / प्रदेश सरकार / सङ्घीय तथा प्रादेशिक अस्पताल / जिल्ला स्वास्थ्य कार्यालय / एम्बुलेन्स सेवा प्रदायक संस्था |
| | | ९. स्थानीय सरकार, जिल्ला समन्वय समिति तथा सुरक्षा समितिको समन्वयमा जिल्लाको सम्पूर्ण बस्तुस्थितिको आँकलन गरी सोही आधारमा आवश्यक नीतिहरू तयार गर्ने । | कार्यटोलीको व्यवस्था तथा छलफल | जिल्ला विपद् व्यवस्थापन समिति/जिल्ला सुरक्षा समिति/जिल्ला कमाण्ड पोष्ट/जिल्ला संकट व्यवस्थापन केन्द्र |
| | | १०. सार्वजनिक स्थल, मठमन्दिर, गुम्वा जस्ता क्षेत्रहरू र कुनै धर्म संस्कृति तथा परम्पराको नाममा जात्रा, मेला, भेला, जम्मा तथा भेटघाटमा रोक लगाउने । | कानूनी व्यवस्थाकोबारे प्रचारप्रसार | सुरक्षा निकाय, स्थानीय तह, स्थानीय सञ्चारमाध्यम धार्मिक संघ संस्था |
| | | ११. जिल्लामा सञ्चाथलित अत्यावश्यक सेवा, विरामी, काजक्रिया, दैनिक उपभोग्य बस्तुहरूको ढुवानीको लागि सवारी पासको व्यवस्थापन गर्ने। | समयावधि,सवारी चलने स्थान | सुरक्षा निकाय, स्थानीय तह, एम्बुलेन्स सेवा प्रदायक संस्था, अन्य यातायातका व्यवसायी |
| | | १२. कृषिउपज तथा खाद्यन्न लगायतका सामग्रीहरूको सहज आपूर्तिको व्यवस्थापन गर्ने । | अनुगमन तथा समन्वय | स्थानीय तह, उद्योग वाणिज्य संघ, घरेलु तथा साना उद्योग कार्यालय |
| | | १३. जिल्लामा दैनिकउपभोग्य सामग्रीहरूको उपलब्धता , आपूर्ति , मूल्य, गुणस्तरलगायतका विषयलाई समेटी नियमित बजार अनुगमन गरी कृत्रिम अभाव हुन नदिने, | अनुगमनको कार्यतालिका र दायरा | घरेलु तथा साना उद्योग कार्यालय, उद्योग वाणिज्य संघ, नेपाल प्रहरी, स्थानीय तह |
| | | १४. कोभिड-१९ को सम्भावित संक्रमण फैलिन नदिन प्रत्यक्ष रुपमा कार्य स्थलमा खटिने स्वास्थ्यकर्मी , सुरक्षाकर्मी तथा राष्ट्रसेवक कर्मचारीको मनोवल उच्च पार्दै सेवा प्रवाहलाई चुस्त बनाउने, | लजिस्टिक सपोट, सुरक्षा, इन्सेन्टिभको व्यवस्था | सङ्घीय सरकार, प्रदेश सरकार, जिल्ला स्वास्थ्य कार्यालय / सुरक्षा निकाय, स्थानीय तह / अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्था |
| | | १५. जिल्लामा कोभिड-१९ को व्यवस्थापनमा भएका/ गरिएका सम्पूर्ण कार्य/ गतिविधिका वारेमा आवश्यकता अनुसार सूचना सम्प्रेषण गर्ने, | सूचनाको गाम्भीर्यता तथा समयावधि | सङ्घीय सरकार / प्रदेश सरकार / स्थानीय तह / स्थानीय सञ्चार माध्यम |

| सि.नं. | निकाय हरू | जिम्मेवारी/कार्यविवरण | अन्य निकायहरूसँग समन्वय गर्नुपर्ने विषयहरू | समन्वय गर्नुपर्ने अन्य निकायहरू |
|---|---|---|---|---|
| २. | जिल्ला समन्वय समिति | १. जिल्लामा कोभिड -१९ संक्रमण व्यवस्थापनमा भएका गरिएका कार्यहरूका सम्बन्धमा समन्वय, सुपरीवेक्षण तथा अनुगमनको कार्ययोजना तयार गर्ने । | समयावधि निर्धारण | जिल्ला विपद् व्यवस्थापन समिति/ जिल्ला कमाण्ड पोष्ट/जिल्ला संकट व्यवस्थापन केन्द्र/ स्थानीय तह/अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संघ संस्था |
| | | २. समन्वय, सुपरीवेक्षण तथा अनुगमन को संयन्त्र निर्माण गर्ने । | बैठक तथा छलफल | जिल्ला विपद् व्यवस्थापन समिति/ जिल्ला कमाण्ड पोष्ट/जिल्ला संकट व्यवस्थापन केन्द्र/ स्थानीय तह / स्थानीय सञ्चारमाध्यम |
| | | ३. सूचक तथा मापदण्ड तयार गरी सुपरीवेक्षण तथा अनुगमन गर्ने। | छलफल | सङ्घीय सरकार/ प्रदेश सरकार / जिल्ला विपद् व्यवस्थापन समिति / जिल्ला कमाण्ड पोष्ट/जिल्ला संकट व्यवस्थापन केन्द्र/ स्थानीय तह / अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संघ संस्था |
| | | ४. जिल्लामा कोभिड -१९ संक्रमण रोकथाम नियन्त्रण तथा उपचारमा भए गरिएका कार्यहरूको बारेमा अनुगमन गरी प्रतिवेदन गर्ने । | पृष्ठपोषण तथा कार्यान्वयन | सङ्घीय सरकार/ प्रदेश सरकार / जिल्ला विपद् व्यवस्थापन समिति / जिल्ला कमाण्ड पोष्ट/जिल्ला संकट व्यवस्थापन केन्द्र/ स्थानीय तह |
| ३. | स्थानीय तहहरू | १. जिल्ला कमान्ड पोष्टसँग समन्वय गर्ने । | निर्णय कार्यान्वयन | जिल्ला प्रशासन कार्यालय |
| | | २. जिल्लाका सुरक्षा निकायसँग समन्वय गर्ने । | क्वारेन्टिन व्यवस्थापन | सुरक्षा निकाय तथा सरोकारवाला निकायहरू |
| | | ३. आरडीटी(RDT), पीसीआर(PCR) परीक्षणकालागि आवश्यक औषधि तथा औषधिजन्य सामाग्रीहरूका लागि समन्वय गर्ने । | आरडीटी, पीसीआर परीक्षण | जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला प्रशासन कार्यालय |
| | | ४. कोभिड–१९ को संक्रमणअनुसार क्वारेन्टिन तथा आइसोलेसन कक्षको निर्माण गर्ने एवम् विस्तार कार्यमा समन्वय गर्ने । | स्थान पहिचान, छनौट तथा सेवा सुविधाको व्यवस्थापन | जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट, जिल्ला स्थित अस्पताल, विद्यालयहरू, नेपाल प्रहरी, रेडक्रस सोसाइटी |
| | | ५. पालिकास्तरीय आरआरटी (RRT) को मातहतमा रहनेगरी सीआईसीटी (CICT) टीम गठन गरी सोलाई अभिमुखीकरण गर्न समन्वय गर्ने । | अभिमुखीकरणको क्षेत्र तथा समय | जिल्ला स्वास्थ्य कार्यालय |

| सि.नं. | निकाय हरू | जिम्मेवारी/कार्यविवरण | अन्य निकायहरूसँग समन्वय गर्नुपर्ने विषयहरू | समन्वय गर्नुपर्ने अन्य निकायहरू |
|---|---|---|---|---|
| | | ६. विदेश तथा स्वदेशका अन्य स्थानबाट आएका सम्पूर्ण मानिसहरूको कोभिड–१९ संक्रमण अवस्थाबारे परीक्षण गरी होम क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाउने । | परीक्षण, अभिलेख तथा सुरक्षा | जिल्ला स्वास्थ्य कार्यालय, नेपाल प्रहरी, स्थानीय स्वास्थ्य शाखा र हेल्थडेस्क |
| | | ७. समुदायमा कुनै व्यक्तिमा कोरोना संक्रमण पोजिटिभ देखिएमा सो व्यक्तिसँग सम्पर्क आएका अन्य व्यक्तिहरूको कन्ट्याक ट्रेसिङ्ग गरी क्वारेन्टिनमा राख्न समन्वय गर्ने र आरडीटी तथा पीसीआर परीक्षणकालागि समन्वय गर्ने । | पहिचान तथा परीक्षण | जिल्ला स्वास्थ्य कार्यालय, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा, वडाका समिति, स्वास्थ्यकर्मीहरु र अन्य कर्मचारीहरू |
| | | ८. क्वारेन्टिन तथा आइसोलेसनमा बसेका व्यक्तिहरूको गास, बास तथा अन्य आवश्यक सेवा सुविधाको व्यवस्थापन गर्ने । | बस्तु तथा सेवा सुविधाको आवश्यकता आङ्कलन | खानेपानी तथा तथा सरसफाइ डिभिजन कार्यालय, नेपाल विद्युत प्राधिकरण, नेपाल रेडक्रस सोसाईटी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्था |
| | | ९. क्वारेन्टिन तथा आइसोलेसन स्थलमा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा अन्य कर्मचारीहरूको स्वास्थ्य परीक्षणको व्यवस्था गर्नुका साथै मनोवल बढाउने । | सुरक्षा तथा प्रोत्साहन | नगरकार्यपालिकाको कार्यालय, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संघ संस्था |
| | | १०. कोभिड–१९ संक्रमण रोकथाम तथा नियन्त्रणकालागि आवश्यक औषधि तथा औषधिजन्य सामग्रीहरू खरिद गरी स्वास्थ्य शाखा तथा हेल्थडेस्कहरूमा वितरण गर्नुका साथै स्थानीय तहमा मौज्दात राख्ने । | औषधि तथा उपकरणहरूको उपलव्धता र मौज्दात | जिल्ला स्वास्थ्य कार्यालय, पालिका कार्यपालिकाको कार्यालय, स्वास्थ्य शाखा |
| | | ११. कोभिड–१९ संक्रमण रोकथाम तथा नियन्त्रणका लागि राष्ट्रिय तथा स्थानीय सञ्चारमाध्यमबाट समुदायमा स्वास्थ्यमूलक सन्देशहरु प्रशारण गर्नुका साथै व्यवहार परिवर्तन सञ्चारकालागि सामग्रीहरू तयार गरी वितरण गर्ने । | स्वास्थ्य सन्देश तथा प्रशारण | जिल्ला स्वास्थ्य कार्यालय, स्थानीय तह कार्यपालिकाको कार्यालय, स्वास्थ्य शाखा, राष्ट्रिय तथा स्थानीय सञ्चारमाध्यम |
| | | १२. सीआईसीटीको पदाधिकारीहरूलाई कन्ट्याक ट्रेसिङ्गको अभिलेखीकरणका विषयमा अभिमुखीकरण गर्ने | विषयबस्तु निर्धारण स्रोतव्यक्ति तथा समयतालिका र स्थान | जिल्ला स्वास्थ्य कार्यालय, रुम्जाटार |

| सि.नं. | निकाय हरू | जिम्मेवारी/कार्यविवरण | अन्य निकायहरूसँग समन्वय गर्नुपर्ने विषयहरू | समन्वय गर्नुपर्ने अन्य निकायहरू |
|---|---|---|---|---|
| | | १३. महामारी फैलिएको अवस्थामा वडाध्यक्ष, स्वास्थ्यकर्मी, वडा कार्यालयका कर्मचारी, महिला स्वास्थ्य स्वयं सेविका, स्वास्थ्य आमा समुहमार्फत सीआईसीटी लाई सहयोग पुर्याउने । | अभिलेख व्यवस्थपान | वडाका वडाध्यक्ष, स्वास्थ्यकर्मीहरु र अन्य कर्मचारीहरु तथा सरोकारवालाहरु |
| | | १४. स्वास्थ्य सामाग्री ढुवानी तथा आपूर्ति र आकस्मिक स्वास्थ्य सेवाका लागि विरामीहरू अस्पताल लानका सवारी पासको निमित्त समन्वय गर्ने | समयावधि तथा साधनको किसिम | जिल्ला प्रशासन कार्यालय,जिल्ला प्रहरी कार्यालय स्थानीय प्रहरी चौकी |
| | | १५. पालिकाका कर्मचारीहरूलाई कार्यालय समयमा आउन जानको लागी जिल्ला प्रहरी कार्यालयसँग समन्वय गरि व्यवस्थापन गर्ने | समयावधि तथा समय | नेपाल प्रही कार्यालय |
| | | १६. राहत वितरणको व्यवस्थापन गर्ने | राहत वितरणको मापदण्ड, राहत सामग्री | जिल्ला कमाण्ड पोष्ट, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, वडा कार्यालय, तथा सरोकारवालाहरु |
| | | १७. कोभिड १९ संक्रमण रोकथाम तथा उपचारको भए गरिएका कार्यहरूको बारे पालिका संकट व्यवस्थापन समितिले समीक्षा गर्ने । | समीक्षा | पालिका स्तरीय स्वास्थ्य शाखा, जिल्ला संकट व्यवस्थापन केन्द्र |
| ४. | नेपाली सेना (अरिदमन गण) | १. जिल्ला विपद् व्यवस्थापन समिति/जिल्ला सुरक्षा समिति/जिल्ला कमाण्ड पोष्ट/जिल्ला संकट व्यवस्थापन केन्द्रको बैठकमा सहभागीता जनाउने । | छलफलका विषय | नेपाली सेना हेडक्वाटर |
| | | २. प्रमुख जिल्ला अधिकारीसँगको समन्वयमा अन्य सुरक्षा निकायहरूलाई सहयोग गर्ने । | राहत र सुरक्षा | जिल्ला सुरक्षा समिति |
| | | ३. जिल्लामा शान्ति सुरक्षा र सु-व्यवस्था कायम गर्न मद्दत गर्ने । | शान्ति सुरक्षाको विश्लेषण | नेपाली सेना हेडक्वाटर, जिल्ला सुरक्षा समिति |
| | | ४. मुख्य बस्ती, शहरी ईलाकामा आवत जावत गर्ने यातायातका साधनको नियमनमा सहयोग गर्ने । | बस्तुस्थितिको विश्लेषण | अन्य सुरक्षा निकाय |
| | | ५. आवश्यकताको आधारमा मापदण्ड पूरा गरी जिल्लास्तरमा स्थापना भएका क्वारेन्टिन स्थलहरूको सुरक्षा एवं व्यवस्थापना सहयोग गर्ने । | समन्वय | जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट, अन्य सुरक्षा निकाय |
| | | ६. होल्डिङ्ग एरियामाको बाहिरी घेराबाट सुरक्षा प्रदान गर्ने । | आवश्यकता विश्लेषण | जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट, जिल्ला सुरक्षा समिति |
| | | ७. स्वाब परीक्षण लागि संकलन गरिएका नमुनालाई सुरक्षित साथ ढुवानी गर्न | आवश्यकता आङ्कलन | जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट |

| सि.नं. | निकाय हरू | जिम्मेवारी/कार्यविवरण | अन्य निकायहरूसँग समन्वय गर्नुपर्ने विषयहरू | समन्वय गर्नुपर्ने अन्य निकायहरू |
|---|---|---|---|---|
| | | सहयोग गर्ने । | | |
| | | ८. संक्रमित व्यक्तिहरूलाई आइसोलेशन केन्द्रसम्म ओसार प्रसार गर्न स्थानीय प्रशासनलाई सहयोग गर्ने । | स्थान र समय | जिल्ला संकट व्यवस्थापन, जिल्ला कमाण्ड पोष्ट |
| | | ९. खाद्यान्नलगायत अत्यावश्यक बस्तुहरू अभाव हुने परिस्थिति श्रृजना भएमा नेपाली सेनाले ढुवानी कार्यमा मद्दत गर्ने । | आवश्यकता विश्लेषण | नेपाली सेना जङ्गी अड्डा, जिल्ला संकट व्यवस्थापन, जिल्ला कमाण्ड पोष्ट |
| | | १०. आवश्यकता अनुसार स्थानीय प्रशासनलाई सहयोगीको भुमिका निर्वाह गर्ने । | बस्तुस्थिति बिश्लेषण | जिल्ला संकट व्यवस्थापन, जिल्ला कमाण्ड पोष्ट, जिल्ला सुरक्षा समिति |
| | | ११. छिमेकी जिल्लाहरुमा तैनाथ रहेका युनिटहरूसँग समन्वय गर्ने । | राहत, उद्धार र पुनर्स्थापन | नेपाली सेना जङ्गी अड्डा, क्षेत्रीय पृतना |
| ५. | जिल्ला प्रहरी कार्यालय | १. शान्ति सुरक्षा कायम गर्न गस्ति,पिकेट,मोवाईल टोली परिचालन गर्ने। | स्थिति विश्लेषण | जिल्ला सुरक्षा समिति, शसस्त्र प्रहरी बल नेपाल, स्थानीय प्रहरी चौकी |
| | | २. कोभिड -१९ संक्रमण नियन्त्रणको लागि जिल्ला भित्रिने र बाह्रिने नाकाहरूमा चेक जाँचको व्यवस्था मिलाउने । | स्थान, सवारी साधन तथा व्यक्ति | जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट, स्थानीय तह, स्थानीय प्रहरी चौकी |
| | | ३. कोभिड -१९ संक्रमण नियन्त्रणको लागि जिल्ला भित्रिने बाह्रिने नाकाहरूमा शारीरिक चेकजाँचको व्यवस्था मिलाउने । | जनशक्ति, स्वास्थ्य उपकरण | जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट, जिल्ला स्वास्थ्य कार्यालय, स्थानीय तह, स्थानीय प्रहरी चौकी |
| | | ४. कोभिड -१९ संक्रमण नियन्त्रणको लागि अनाधिकृत आवत जावत गर्ने यातायातका साधनहरूलाई पूर्णरूपमा रोक लगाउनुका साथै कानूनबमोजिम कारबाही गर्ने । | सवारी साधनको निगरानी | जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट, स्थानीय तह, स्थानीय प्रहरी चौकी |
| | | ५. अत्यावश्यक यातायातका सवारी साधनहरूलाई विभिन्न चेक प्वाईन्ट खडा गरी चेकजाँच गर्दै सुचारु गर्ने । | स्थान, समय | जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट, स्थानीय तह, स्थानीय प्रहरी चौकी |
| | | ६. बन्दाबन्दीको उलंघन गर्ने व्यक्तिहरूलाई नियन्त्रणमा लिई बन्दाबन्दीको पालना गर्ने, गराउने । | सचेतना एवम् जानकारी | स्थानीय तह, स्थानीय प्रहरी चौकी, स्थानीय सामाजिक संघ संस्था |
| | | ७. बन्दाबन्दीको पूर्ण पालना गर्न, गराउन समय निर्धारण गरिएबमोजिम जिल्लाभित्रका पसल खुले नखुलेको सम्बन्धमा नियमन गर्ने। | स्थिति विश्लेषण | स्थानीय तह, उद्योग वाणिज्य संघ, स्थानीय प्रहरी चौकी |

| सि.नं. | निकाय हरू | जिम्मेवारी/कार्यविवरण | अन्य निकायहरूसँग समन्वय गर्नुपर्ने विषयहरू | समन्वय गर्नुपर्ने अन्य निकायहरू |
|---|---|---|---|---|
| | | ८. सार्वजनिक स्थल, मठमन्दिर, गुम्वा, चर्च, चैत्य जस्ता धार्मिक तथा सांस्कृतिक स्थलहरू र जात्रा, पर्व, मेला, उत्सवजस्ता धर्म संस्कृति तथा परम्पराको नाममा भेला, जम्मा तथा भेटघाटमा रोक लगाउने। | स्थान पहिचान तथा नियम पालना | स्थानीय तह, स्थानीय प्रहरी चौकी, सामाजिक संघ संस्था |
| | | ९. कोभिड -१९ संक्रमण रोकथाम तथा नियन्त्रणको लागि आवश्यकतानुसार सरोकारवाला निकाय,संघ संस्थाहरूसँग समन्वय गर्ने। | सजकता | स्थानीय तह, स्थानीय प्रहरी चौकी, स्थानीय सामाजिक संघ संस्था |
| | | १०. क्वारेन्टिन तथा आईसोलेशन स्थल वरपर कुनै किसिमको अनैतिक, अवाञ्चित तथा अपराधिक कार्यहरु हुन, गर्न नदिन २४ सै घण्टा गस्ति तथा पट्रोलिङ्गको व्यवस्था गर्ने । | तथ्याङ्क तथा बस्तुस्थिति विश्लेषण | जिल्ला सुरक्षा समिति, नेपाली सेना, शसस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, स्थानीय तह, स्थानीय प्रहरी चौकी, सामाजिक |
| | | ११. विदेश तथा स्वदेशका अन्य स्थानहरूबाट जिल्ला प्रवेश गर्ने मानिसहरूको दैनिक अभिलेख राखी क्वारेन्टिनमा राख्ने व्यवस्थाकालागि मद्दत गर्नुका साथै शान्ति सुरक्षाको कामय गर्ने । | स्थान परीक्षण तथा संख्या | जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट, जिल्ला स्वास्थ्य कार्यालय, स्थानीय तह स्थानीय, प्रहरी चौकी |
| | | १२. क्वारेन्टिन तथा आइसोलेसन स्थलमा बस्ने तथा डिस्चार्ज भई जाने बिरामीहरूको अभिलेख राख्ने। | विवरण अध्यावधिक र प्रतिवेदन | जिल्ला प्रशासन कार्यालय,स्थानीय तह, जिल्ला स्वास्थ्य कार्यालय, स्वास्थ्य चौकी, |
| | | १३. क्वारेन्टिनमा राखिएको विरामीहरू तथा सम्पर्कमा रहेका व्यक्तिहरू आवश्यकतानुसार कन्ट्याक्ट ट्रेसिङ्ग गरी अभिलेख राख्ने । | स्वास्थ्य परीक्षण | जिल्ला प्रशासन कार्यालय,स्थानीय तह, जिल्ला स्वास्थ्य कार्यालय, स्वास्थ्य चौकी, |
| | | १४. कोभिड -१९ संक्रमण रोकथाम तथा नियन्त्रणमा सहयोग पुर्याउने उद्देश्यले दैनिक माईकिङ्ग गर्ने । | सचेतना | जिल्ला प्रशासन कार्यालय,स्थानीय तह, जिल्ला स्वास्थ्य कार्यालय, स्वास्थ्य चौकी, |
| ६. | सशस्त्र प्रहरी बल नेपाल | १ कुनै पनि जघन्य तथा गम्भिर प्रकृतिका अपराध भएमा तथा हुनसक्ने आशंका भएमा त्यसलाई नियन्त्रण गर्ने । | सूचना संकलन | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय |
| | | २ कुनै पनि किसिमको हुल हुज्जत, प्रदर्शनी तथा भेला जम्मा हुन नदिने । | बस्तुस्थिति विश्लेषण | जिल्ला प्रहरी कार्यालय, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय |
| | | ३ जनमानसमा शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन सुरक्षा व्यवस्था मिलाउने । | स्थिति आँकलन | जिल्ला सुरक्षा समिति, नेपाली सेना, जिल्ला प्रहरी कार्यालय |
| | | ४ जिल्लामा हुनसक्ने सम्पूर्ण प्रकारका विषम परिस्थितिमा प्रभावकारी परिचालन हुन् । | सूचना संकलन र विश्लेषण | शसस्त्र प्रहरी बल हेड क्वाटर, जिल्ला सुरक्षा समिति, नेपाली सेना, नेपाल प्रहरी |
| | | ५ भैपरी आउने स्थितिमा सुरक्षा व्यवस्था मिलाउने । | सूचना संकलन र | शसस्त्र प्रहरी बल हेड क्वाटर, जिल्ला सुरक्षा समिति, नेपाली |

| सि.नं. | निकाय हरू | जिम्मेवारी/कार्यविवरण | अन्य निकायहरूसँग समन्वय गर्नुपर्ने विषयहरू | समन्वय गर्नुपर्ने अन्य निकायहरू |
|---|---|---|---|---|
| | | | विश्लेषण | सेना, नेपाल प्रहरी |
| | | ६ जिल्लाको सीमा ईलाकामा आवश्यकताअनुसार आवत-जावतको नियन्त्रण तथा नियमन गर्न सुरक्षा व्यवस्था मिलाउने । | तथ्याङ्क संकलन | स्थानीय तह, शसस्त्र प्रहरी सीमा सुरक्षा बल |
| | | ७ बन्दाबन्दी आदेश पालना गर्न लगाउन सहजीकरण गर्ने । | नियमको जानकारी | जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट,स्थानीय तह |
| | | ८ राहत वितरणमा सुरक्षा तथा सहयोग प्रदान गर्ने । | समय, स्थान | जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट,स्थानीय तह |
| | | ९ क्वारेन्टिन तथा आईसोलेसन स्थलहरूको विवरण एकीकृत गरी सोको व्यवस्थापनमा सहजीकरण गर्ने | तथ्याङ्क संकलन | जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट, नेपाली सेना अरिदमन गण, नेपाल प्रहरी, स्थानीय तह, नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा |
| | | १० सार्वजनिक स्थल, मठमन्दिर, गुम्वा, चर्च, चैत्य जस्ता धार्मिक तथा सांस्कृतिक स्थलहरू र जात्रा, पर्व, मेला, उत्सवजस्ता धर्म संस्कृति तथा परम्पराको नाममा भेला, जम्मा तथा भेटघाटमा रोक लगाउने। | तथ्याङ्क संकलन | जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट, नेपाली सेना अरिदमन गण, नेपाल प्रहरी, स्थानीय तह, स्थानीय सामाजिक संघ संस्था |
| | | ११ जिल्लाको सम्पूर्ण वस्तुस्थितिको आँकलन गरी सोही आधारमा आवश्यक सुरक्षा योजना तयार गर्ने । | सूचना संकलन | जिल्ला सुरक्षा समिति, नेपाली सेना अरिदमन गण, जिल्ला प्रहरी कार्यालय, स्थानीय तह |
| | | १२ समग्र जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने । | सुरक्षा अवस्था विश्लेषण | जिल्ला सुरक्षा समिति |
| | | १३ क्वारेन्टिन तथा आईसोलेसन स्थलहरूको सुरक्षा व्यवस्था मिलाउने । | तथ्याङ्क संकलन | जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट, जिल्ला स्वास्थ्य कार्यालय, स्थानीय तह, |
| | | १४ दैनिक गस्ति पट्रोलिङ्ग गर्ने । | सुरक्षा अवस्था विश्लेषण | |
| | | १५ चेक प्वाईन्ट, पट्रोलिङ्ग, पिकेट तथा अन्य सुरक्षा गस्तिको व्यवस्थाको लागि २४ सै घण्टा तयार रहने । | सुरक्षा अवस्था विश्लेषण | जिल्ला सुरक्षा समिति, जिल्ला प्रहरी कार्यालय |

| सि.नं. | निकाय हरू | | जिम्मेवारी/कार्यविवरण | अन्य निकायहरूसँग समन्वय गर्नुपर्ने विषयहरू | समन्वय गर्नुपर्ने अन्य निकायहरू |
|---|---|---|---|---|---|
| ७. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | १ | कोभिड-१९ को सम्भावित संक्रमण, रोकथाम तथा नियन्त्रण गर्न जिल्लामा गठित संगठनलाई सूचना संकलन गरी उपलब्ध गराउने । | सूचना संकलन | जिल्ला स्वास्थ्य कार्यालय, स्थानीय तह स्वास्थ्य शाखा |
| | | २ | प्राप्त सूचनाको विश्लेषण गरी जिल्ला कमाण्ड पोष्टलाई उपलब्ध गराउने । | सूचनाको विश्वसनीयता | जिल्ला स्वास्थ्य कार्यालय |
| | | ३ | जिल्ला कमाण्ड पोष्टको निर्णयको कार्यान्वयनको स्थितिको निगरानी गर्ने । | सूचना संकलन | जिल्ला स्वास्थ्य कार्यालय, स्थानीय तह, जिल्ला संकट व्यवस्थापन केन्द्र |
| ८. | जिल्ला स्वास्थ्य कार्यालय | १ | कोभिड १९ संक्रमण रोकथाम तथा नियन्त्रणका बारेमा स्थानीय तहमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने । | सहभागिता, समय | जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट, स्थानीय तह, स्थानीय तह स्वास्थ्य शाखा, स्वास्थ्य चौकी |
| | | २ | **Full Set PPE, N95** मास्क, सेनिटाइजर, सर्जिकल मास्क, एप्रोन, **Gloves** प्रयोग गर्ने बारेमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने । | सहभागिता, समय | जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट, स्थानीय तह, स्थानीय तह स्वास्थ्य शाखा, स्वास्थ्य चौकी |
| | | ३ | स्वदेशका अन्य स्थानबाट आएका शंकास्पद व्यक्तिहरू तथा बिदेशबाट आएका व्यक्तिहरूको **RDT** परीक्षण गर्ने । **RDT** परीक्षण सकारात्मक नतिजा भेटिएमा थ्रोट स्वाब संकलन गरी पीसीआर परीक्षणकालागि सम्बन्धित निकायमा पठाउने । | तथ्याङ्क संकलन स्वाब डेलिभेरी तथा परीक्षण | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालय, जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट, जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, स्थानीय तह स्वास्थ्य शाखा, स्वास्थ्य चौकी |
| | | ४ | VTM तथा RDT किटको आपूर्तिको व्यवस्था मिलाउने । | आवश्यकता पहिचान तथा ढुवानी | प्रदेश स्वास्थ्य निर्देशनालय, जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट, स्वास्थ्य विभाग |
| | | ५ | जिल्लाका स्थानीय तहभित्र कोरोना संक्रमणको शंकास्पद व्यक्तिहरू भेटिएमा RDT परिक्षण गर्ने र RDT परीक्षणमा पोजेटिभ देखिएमा आईसोलेशनमा राखी PCR प्रविधिमार्फत परीक्षण गर्न Swab संकलन गरी सम्बन्धित निकायमा पठाउने । PCR परीक्षणमा पोजिटिभ भेटिएमा कोरोना अस्पतालमा उपचारका लागि प्रेशण (रेफर) गर्ने । | परीक्षण, उपचार तथा प्रेशण | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालय, विभिन्न स्वाव परीक्षण प्रयोग शाला, जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट, जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, स्थानीय तह स्वास्थ्य शाखा |

| सि.नं. | निकाय हरू | जिम्मेवारी/कार्यविवरण | अन्य निकायहरूसँग समन्वय गर्नुपर्ने विषयहरू | समन्वय गर्नुपर्ने अन्य निकायहरू |
|---|---|---|---|---|
| | | ६ कोभिड -१९ संक्रमण रोकथाम तथा नियन्त्रण तथा बन्दाबन्दीको समयमा स्वास्थ्य जीवनशैली अपनाउने सम्बन्धमा विभिन्न सञ्चारमाध्यमबाट सर्वसाधारणकालागि चेतनामूलक स्वास्थ्य सन्देश प्रसारण गर्ने गराउने । | विषयबस्तु, समयावधि | संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट, जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, स्थानीय तह स्वास्थ्य शाखा, राष्ट्रिय तथा स्थानीय सञ्चारमाध्यम |
| ९. | रुम्जाटार अस्पताल | १ अस्पतालस्तरमा कोरोना भाइरस **(Covid-19)** को संक्रमण रोकथामसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | प्रचार प्रसार | प्रदेश स्वास्थ्य निर्देशनालय, जिल्ला स्वास्थ्य कार्यालय रुम्जाटार |
| | | २ सामान्य अवस्थाका विरामीहरूलाई घरमै बसी आराम गर्न एवं दीर्घरोगीहरूलाई सकेसम्म अस्पतालमा नआउन टेलिफोनमार्फत स्वास्थ्य परामर्श सेवा प्रदान गर्ने । | सेवा तथा समय | संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट, जिल्ला स्वास्थ्य कार्यालय,स्थानीय तह, स्थानीय तह स्वास्थ्य शाखा, राष्ट्रिय तथा स्थानीय सञ्चारमाध्यम, नेपाल टेलीकम |
| | | ३ अस्पतालमा **Fever Clinic** संचालन गर्ने । | समय तथा संख्या | जिल्ला स्वास्थ्य कार्यालय, स्थानीय तह, स्थानीय तह स्वास्थ्य शाखा |
| | | ४ अस्पतालमा आइसोलेशन शैया तयारी अवस्थामा राख्ने । | संख्या तथा सेवा सुविधा | प्रदेश स्वास्थ्य निर्देशनालय, जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट, जिल्ला स्वास्थ्य कार्यालय |
| | | ५ विपद् जोखिम न्यूनीकरणको समिति गठन गर्ने । | कार्यदेश | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट, जिल्ला स्वास्थ्य कार्यालय |
| | | ६ सामाजिक दुरी कायम गरी अस्पतालमा आएका विरामीहरूलाई स्वास्थ्य उपचार सेवा प्रदान गर्ने, गराउने | उपचार तथा सेवासुविधा | प्रदेश स्वास्थ्य निर्देशनालय, जिल्ला स्वास्थ्य कार्यालय |
| | | ७ सामान्य किसिमको कोरोना संक्रमित विरामीलाई अस्पतालको आइसोलेशन वार्डमा राखी औषधि उपचार गर्ने । | उपचार | प्रदेश स्वास्थ्य निर्देशनालय, जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट, जिल्ला स्वास्थ्य कार्यालय |
| | | ८ सिकिस्त विरामी भएमा सुरक्षित तवरले सुविधा सम्पन्न निकायम प्रेषण गर्ने, गराउने । | प्रेशण तथा स्वास्थ्य सुरक्षा | प्रदेश स्वास्थ्य निर्देशनालय, जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट, जिल्ला स्वास्थ्य कार्यालय |

| सि.नं. | निकाय हरू | जिम्मेवारी/कार्यविवरण | अन्य निकायहरूसँग समन्वय गर्नुपर्ने विषयहरू | समन्वय गर्नुपर्ने अन्य निकायहरू |
|---|---|---|---|---|
| १०. | ओखलढुङ्गा सामुदायिक अस्पताल (मिसन) | १ अस्पतालमा रहेको फिबर क्लिनिकबाट ज्वरो तथा कोभिड-१९ संक्रमणको शंकास्पद विरामीहरूको जाँच गर्ने । | स्वास्थ्य सुरक्षा सामग्री | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट, जिल्ला स्वास्थ्य कार्यालय, स्थानीय तह |
| | | २ संक्रमण रोकथाम र नियन्त्रण कार्य गर्ने । | सेवा तथा स्वास्थ्य सुरक्षा | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट, जिल्ला स्वास्थ्य कार्यालय, स्थानीय तह |
| | | ३ अस्पतालमा आउने हरेक विरामी तथा कुरवाहरूकालागि ब्यक्तिगत सरसफाई तथा स्वास्थ्य सुरक्षाको लागि अस्पताल परिसरमा रहेका हातधुने ठाउँमा अनिवार्य हात धुन तथा मास्क लगाउने सम्बन्धमा सचेत गराउने । | स्वास्थ्य सुरक्षा | स्थानीय तह स्वास्थ्य शाखा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्था |
| | | ४ सामाजिक दुरी कायमगर्दै अस्पतालमा आएका विरामीहरूलाई नियमित सेवा प्रदान गर्ने । | सेवा सुविधा | जिल्ला स्वास्थ्य कार्यालय |
| | | ५ अस्पतालका कर्मचारीहरूलाई प्राथमिताअनुसार आवश्यक ब्यक्तिगत सुरक्षा उपकरण तथा उचित प्रयोगको व्यवस्था मिलाउने । | उपलब्धता | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट, जिल्ला स्वास्थ्य कार्यालय |
| | | ६ कोभिड-१९ सम्बन्धि विभिन्न विषयमा स्वास्थ्यकर्मी, विरामी तथा विरामीहरुका भिजिटरहरुलाई नियमित स्वास्थ्यशिक्षा तथा परामर्श प्रदान गर्ने । | जनचेतना | |
| | | ७ अस्पतालको आईसोलेशन वार्डमा भर्ना हुने विरामीको PCR परीक्षणको थ्रोट स्वाब सम्बन्धित स्वाव परीक्षण प्रयोगशालामा पठाउने व्यवस्था गर्ने । | ढुवारी तथा परीक्षण | जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट,जिल्ला स्वास्थ्य कार्यालय, बीपी कोईराला स्वास्थ्य विज्ञापन प्रतिष्ठान |
| | | ८ अस्पतालमा स्थापित ६ सैयाको आइसोलेशन कक्षबाट विरामीहरूलाई आवश्यक सेवाहरू प्रदान गर्ने । | | जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट,जिल्ला स्वास्थ्य कार्यालय, |
| | | ९ गर्भवती र नवजात शिशुलाई विशेष ध्यानमा राखी छुट्टै वार्डबाट सेवा प्रदान गर्ने । | सेवा व्यवस्थापन | |
| | | १० अस्पतालको कोभिड-१९ व्यवस्थापन समितिको बैठक आवश्यकतानुसार सञ्चालन गर्ने । | | जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट,जिल्ला स्वास्थ्य कार्यालय, |

| सि.नं. | निकाय हरू | जिम्मेवारी/कार्यविवरण | अन्य निकायहरूसँग समन्वय गर्नुपर्ने विषयहरू | समन्वय गर्नुपर्ने अन्य निकायहरू |
|---|---|---|---|---|
| | | ११ अस्पतालको कोभिड-१९ सँग सम्बन्धित आवश्यक जानकारी तथा प्रतिवेदन नियमित रुपमा जिल्ला, प्रदेश तथा केन्द्रमा अध्यावधिक गराउने । | प्रतिवेदनको एकरूपता | जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट,जिल्ला स्वास्थ्य कार्यालय, |
| | | १२ जिल्ला कोभिड संक्रमण व्यवस्थापन अन्तर्गत गठन भएका समितिहरूमा प्रतिनिधित्व गर्ने । | | जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट,जिल्ला स्वास्थ्य कार्यालय, |
| ११. | नेपाल रेडक्रस सोसाइटी | १. जिल्लाका उपशाखाहरूमार्फत महामारीविरुद्ध स्थानीय तहहरूमा चेतनामूलक गतिविधि संचालन गर्ने । | प्रचार प्रसार | नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालय, जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट, स्थानीय तह |
| | | २. जिल्लाभित्र निर्माण हुने क्वारेन्टिनहरूमा त्रिपाल, कम्बल, बाल्टिन, टेन्ट जस्ता गैरखाद्य सामग्रीहरू सहयोग गर्ने । | राहत तथा स्थान | जिल्ला विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालय, जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट,स्थानीय तह |
| | | ३. जिल्लाका बिभिन्न स्थानमा हात धुने स्थान निर्माणका लागि बाल्टिन, ड्रम , साबुन वितरण गर्नुका साथै जनचेतनाका लागि पर्चा, फेलेक्स प्रिन्टजस्ता सामग्री उपलव्ध गराउने। | सामग्री तथा स्थान | जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट,स्थानीय तह, जिल्ला स्वास्थ्य कार्यालय, सामाजिक संघ संस्था |
| | | ४. बन्दाबन्दीको स्थिति सहज भएपश्चात स्थानीय तहहरूमा सरसफाइसम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गर्न स्वयंसेबक परिचालन गर्ने । | क्रियाकलाप तथा स्थापन | स्थानीय तह, स्थानीय सामाजिक संघ संस्था |
| | | ५. जिल्लाभित्र क्वारेन्टिनमा बस्ने मानिसहरूको आधारमा क्वारेन्टिनमा स्वय सेवक परिचालन गर्न सहयोग गर्ने । | स्थान तथा संख्या | जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट,स्थानीय तह, जिल्ला स्वास्थ्य कार्यालय, स्थानीय तह |
| | | ६. कोरोना भाईरसको जोखिम न्युनीकरणका लागि स्थानीय सञ्चारमाध्यमबाट चेतनामूलक सन्देश प्रशारण गर्ने । | सन्देश तथा प्रशारण समय | जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट,स्थानीय तह, जिल्ला स्वास्थ्य कार्यालय, स्थानीय तह |
| १२. | राजनीतिक दल | १. जिल्लाभित्र कोभिड -१९ व्यवस्थापनमा जिल्लास्थित विभिन्न संयन्त्रले गर्ने निर्णयको कार्यान्वयनमा सहजीकरण गर्ने । अप्ठ्यासरोमा परेका व्यक्तिको उद्दारका लागि समन्वय र सहयोग गर्ने । | सहयोग, उद्धार तथा राहत | जिल्ला विपद् व्यवस्थापन समिति / जिल्ला कमाण्ड पोष्ट/जिल्ला संकट व्यवस्थापन केन्द्र/ स्थानीय तह |
| | | २. जिल्लाभित्र कोभिड -१९ व्यवस्थापनमा जिल्लास्थित संयन्त्रले गरेका निर्णयहरूको कार्यान्वयनमा सहयोग पुर्या।उन मातहतका स्थानीय | सहजीकरण | जिल्ला विपद् व्यवस्थापन समिति /जिल्ला कमाण्ड पोष्ट/जिल्ला संकट व्यवस्थापन केन्द्र/ स्थानीय तह |

| सि.नं. | निकाय हरू | जिम्मेवारी/कार्यविवरण | अन्य निकायहरूसँग समन्वय गर्नुपर्ने विषयहरू | समन्वय गर्नुपर्ने अन्य निकायहरू |
|---|---|---|---|---|
| | | इकाईहरुलाइ प्रशिक्षित, निर्देशन गरि परिचालन गर्ने । | | |
| | | ३. कोभिड -१९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका सम्बन्धमा भए गरिएका कार्यहरूको बारेमा पृष्ठपोषण उपलब्ध गराउने । | सहयोग तथा सहायता | जिल्ला विपद् व्यवस्थापन समिति /जिल्ला कमाण्ड पोष्ट/जिल्ला संकट व्यवस्थापन केन्द्र/ स्थानीय तह |
| | | ४. जिल्लाभित्र कोभिड -१९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारमा स्थानीय व्यक्ति तथा समुदायले अपनाउनुपर्ने सजगताबारे स्थानीय समुदायलाई सचेत गराउन सहयेग गर्ने । | सचेतना | स्थानीय निकाय / स्थानीय सामाजिक संघ संस्था |
| | | ५. कोभिड-१९ संक्रमण रोकथाम , नियन्त्रण तथा उपचारका सम्बन्धमा जिल्लाका जनप्रतिनिधीहरुसँग थप समन्वय गरि सहयेगका निम्ति पहल कदमी गर्ने । | | |
| १३. | सञ्चार माध्यम | १. सत्यतथ्य सूचना सम्प्रेषण गर्ने,<br>२. आधिकारिक निकायहरूसँग सूचना आदनप्रदानका लागि समन्वय गर्ने,<br>३. समूदायस्तरमा देखिएका/देखिने जोखिमबारे जानकारी दिने,<br>४. सुरक्षाका उपायहरु अधिकतम अपनाएर जिम्मेवारी पूरा गर्ने,<br>५. कमाण्ड पोष्ट,जिल्ला संकट व्यवस्थापन केन्द्र,जिल्ला विपद व्यवस्थापन समितिले गरेका निर्णय तथा कामका बारेमा जनतालाई सूसुचित गराउने । | समाचार संप्रेषण तथा जनचेतना | जिल्ला विपद् व्यवस्थापन समिति /जिल्ला कमाण्ड पोष्ट/जिल्ला संकट व्यवस्थापन केन्द्र/ जिल्ला स्वास्थ्य कार्यालय,स्थानीय तह |
| १४. | उद्योग वाणिज्य संघ | १. जिल्ला कमाण्ड पोष्टसँग समन्वय गर्ने | कमाण्ड पोष्टको बैंठकबाट भएका निर्णयहरु पूर्ण रुपमा कार्यान्वयन गर्ने | सम्पूर्ण व्यवसायीहरु तथा सरोकारवाला निकाय |
| | | २. जिल्लाका सबै व्यवसायीसँग समन्वय तथा छलफल गर्ने | मूल्यवृद्धि नियन्त्रण, कालो बजारी नियन्त्रण, तथा कृत्रिम अभाव नियन्त्रण | व्यवसायी, जिल्ला प्रशासन कार्यालय र स्थानीय तह । |

| सि.नं. | निकाय हरू | जिम्मेवारी/कार्यविवरण | अन्य निकायहरूसँग समन्वय गर्नुपर्ने विषयहरू | समन्वय गर्नुपर्ने अन्य निकायहरू |
|---|---|---|---|---|
| | | ३. उपभोक्ता हितलाई मध्यनजर गर्दै दैनिक उपभोग्य सामग्रीको बजारमा सहजरुपमा उपलब्ध गराउने । | बजार अनुगमन, मूल्यसूची, विभिन्न कम्पनी तथा उद्योगहरुसँग छलफल | व्यवसायी, जिल्ला कमाण्ड पोष्ट, कम्पनी तथा उद्योगहरु |
| | | ४. बन्दाबन्दीको पूर्णरुपमा पालना गर्ने/गराउने | बन्दाबन्दीसँग सम्बन्धित सूचना तथा जानकारी | जिल्लाका व्यवसायी तथा उद्योग प्रतिष्ठान |
| | | ५. जिल्लाका सबै स्थानीय तहसँग समन्वय गरी दैनिक उपभोग्य सामग्री तथा निर्माण सामग्रीहरुको पास उपलब्ध गराउन सरोकारवाला निकायसँग अनुरोध गर्ने | ढुवानीको सहज आपूर्ति सम्बन्धी | जिल्ला प्रशासन कार्यालय, जिल्ला कमाण्ड पोष्ट, कम्पनी तथा उद्योगहरु |
| | | ६. विपद्का वेला हुने सम्भावित कालोवजारी रोक्ने र बजारमा अस्वभाविक हुने दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि नियन्त्रण गर्ने । | बजार अनुगमन, मूल्यसूची, विभिन्न कम्पनी तथा उद्योगहरुसँग छलफल | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह र व्यवसायी र आम उपभोक्ता |
| | | ७. कोभिड-१९ को प्रकोपवाट उपभोक्ता र व्यवसायी दुवैलाई बचाउन भौतिक दुरी कायम गरी विक्री वितरण गर्ने प्रवन्ध मिलाउने । | व्यवसाय संचालन गर्दा उपभोक्ता र व्यवसायीमा पर्ने जोखिम सम्बन्धी | व्यवसायी, उपभोक्ता, संचार माध्यम आदि |
| | | ८. बजार अनुगमन, सामानको स्टक आदिवारे नियमित अनुगमन गरी सम्बन्धित सरोकारवाला निकायमा जानकारी गराउने । | बजारमा दैनिक उपभोग्य सामग्रीको मौज्दात सम्बन्धी | जिल्ला कमाण्ड पोष्ट, व्यवसायी, संचार माध्यम, कम्पनी तथा उद्योगहरु |